# सिभिल बैंक लिमिटेडको

प्रथम वार्षिक साधारण सभाको

**कामं कारवाहीको विवरण (माईन्युट)**

**१. प्रारम्भिक :-**

सिभिल बैंक लिमिटेडको मिति २०६८ साल पौष ८ गते बसेको संचालक समितिको ८७ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम संचालक समितिको अध्यक्ष श्री ई. इच्छा राज तामाङ्गज्यूको सभापतित्वमा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल र निर्णय भई देहाय बमोजिम प्रथम वार्षिक साधारण सभा सम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थान :-**

**मिति :** २०६८ साल पौष ३० गते (तदनुसार १४ जनवरी, २०१२), शनिवार ।
**समय :** अपरान्ह ३ :०० बजे ।
**स्थान :** होटल अन्नपुर्ण, दरबारमार्ग, काठमाडौं ।

**३. सभाको सूचना :-**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम बैंकको प्रथम वार्षिक साधारण सभाको सूचना मिति २०६८/०९/०९ गते प्रथम पटक र मिति २०६८/०९/२१ गते दोश्रो पटक क्रमशः अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक र राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । यसका अतिरिक्त शेयरधनी महानुभावहरुलाई बैंकको शेयर लगतमा रहेको ठेगानामा साधारणसभा सम्बन्धी सूचना सहितको वार्षिक प्रतिवेदन पठाईएको र कुनै कारण वार्षिक प्रतिवेदन प्राप्त गर्न नसक्ने शेयरधनीहरुका लागि बैंकको प्रधान कार्यालय, कमलादी काठमाण्डौ र बैंकको वेभसाइट www.civilbank.com.np बाट पनि उपलब्ध हुन सक्ने गरी राखिएको थियो ।

**४. उपस्थिति :-**

**(क) संचालकको उपस्थिति :-**

| | | | |
|---|---|---|---|
| १. | श्री ई. इच्छा राज तामाङ्ग | - | **अध्यक्ष** |
| २. | श्री अम्बीर वोगटी | - | **संचालक** |
| ३. | श्री प्रकाश तायल | - | **संचालक** |
| ४. | श्री त्रिमीर महर्जन | - | **संचालक** |
| ५. | सुश्री जुनी गुरुङ्ग | - | **संचालक** |

**(ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :-**

| | | | |
|---|---|---|---|
| १. | श्री किशोर महर्जन | - | **प्रमुख कार्यकारी अधिकृत** |
| २. | श्री नीता प्रधान जोशी | - | **वरिष्ठ कार्यकारी अधिकृत** |
| ३. | श्री श्याम कार्की | - | **लेखा परीक्षक** |
| ४. | श्री राजमणि दाहाल | - | **प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय** |
| ५. | श्री डिल्लीराम श्रेष्ठ | - | **कम्पनी सचिव** |

**(ग) शेयरधनीको उपस्थिति :-**

| | | |
|---|---|---|
| स्वयं उपस्थित | - | ६२ जना |
| प्रतिनिधी मार्फत | - | ०५ जना |

**५. सभामा प्रस्तुत छलफलका विषयहरू :-**

**(क) सामान्य प्रस्तावहरु :**

१. अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन २०६७/०६८ उपर छलफल गरी पारित गर्ने ।

२. लेखा परीक्षकको प्रतिवेदन सहित २०६८ आषाढ मसान्तसम्मको वार्षिक आर्थिक विवरण वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमा छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०६८/०६९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । वर्तमान लेखापरीक्षक श्याम कार्की एण्ड कम्पनी ( चार्टड एकाउन्टेन्ट श्री श्याम कार्की ) पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।

४. बैंकको नियमावलीको नियम ३२ (२) अनुसार संचालकहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु समर्थन गर्ने ।

५. बैंकको नियमावली अनुसार संस्थापक (समुह "क") शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद संख्या ५ को निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. प्रबन्धपत्रको दफा ५ को उपदफा (ज्ञ) पछि (कक) थप गरी संशोधन गर्नेसम्बन्धी प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकाय (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) ले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

**(ग) विविध ।**

**६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :-**

| शेयर तथा शेयरधनी | जम्मा शेयर | स्वयं उपस्थित | प्रतिनिधि मार्फत | जम्मा उपस्थित | प्रतिशतमा |
|---|---|---|---|---|---|
| शेयर | १२०,०००,००० | ८०,५९,९२३ | ५,०३,१६० | ८५,६३,०८३ | ७१.३६ % |
| शेयरधनी | १४७ | ६२ | ०५ | ६७ | |

**७. सभापतिज्यूको आसन ग्रहण :-**

साधारण सभाको सभापतित्व गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र बैंकको नियमावलीको नियम १९ (२) बमोजिम संचालक समितिको अध्यक्षले नै साधारण सभाको सभापतित्व गर्ने प्रावधान अनुरुप यस बैंकका संचालक समितिका अध्यक्ष श्री ई. इच्छा राज तामाङ्गज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो । साथै सम्पूर्ण सञ्चालकज्यूहरु तथा बैंकका पदाधिकारीहरुबाट आसन ग्रहण गर्ने कार्य भयो ।

**८. बैंकको बारेमा जानकारी :**

औपचारिक रुपमा सभाको काम कारवाही शुरु हुनु अघि बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किशोर महर्जनज्यूले संस्थापक शेयरधनी महानुभावहरुलाई बैंकको वर्तमान अवस्थाको बारेमा जानकारी गराउँदै बैंकको प्रथम वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै स्वागत मन्तव्य राख्नु भयो ।

**९. सभाको कारवाही र वैधानिकता :-**

सभाको औपचारिकतामा प्रवेश गर्दै कम्पनी सचिव श्री डिल्लीराम श्रेष्ठले आजको प्रथम वार्षिक साधारण सभा संचालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा सिभिल बैंक लिमिटेडको नियमावलीको नियम २३ ले गरेको कानूनी प्रावधान बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी आवश्यक हुने भन्ने प्रावधान बमोजिम गणपुरक संख्या पुगिसकेको जानकारी दिंदै कम्पनी ऐन अनुसार सभा बैधानिक भएको जानकारी दिनु भयो । तत्पश्चात् कम्पनी सचिवले सभा संचालनको लागि बैंकका अध्यक्ष श्री ई. इच्छा राज तामाङ्गज्यूलाई अनुरोध गर्नुभयो ।

**१०. प्रथम वार्षिक प्रतिवेदन प्रस्तुति :-**

सभाका सभापति श्री ई. इच्छा राज तामाङ्गज्यूले सभा समक्ष देशको आर्थिक तथा राजनैतिक अवस्थाले बैंकिङ्ग क्षेत्रमा पारेको प्रभाव, निक्षेप तथा कर्जाको अवस्था, लगानी, मानव संसाधन व्यवस्थापन, शाखा विस्तार, संस्थागत सुशासन, संस्थागत सामाजिक उत्तरदायित्व तथा समिक्षा अवधिको वित्तीय झलक आदि विषयमा तयार पारिएको वार्षिक प्रतिवेदन तथा कम्पनी ऐन २०६३ को दफा १०९ बमोजिमको प्रतिवेदन सभामा प्रस्तुत गर्दै बैंकलाई प्रगतिको यो अवस्थासम्म ल्याई पुऱ्याउन सहयोग गर्नु हुने संस्थापक शेयरधनीहरु, बैंकका कर्मचारीहरु लगायत सम्बद्ध सवैलाई धन्यवाद् दिनुभयो ।
तत्पश्चात सभापतिज्यूले संचालक समितिको वार्षिक प्रतिवेदन माथि आ-आफ्नो जिज्ञाशा तथा विचार प्रकट गर्नु हुन शेयरधनी महानुभावहरूलाई अनुरोध गर्नुभयो ।

**११. छलफलमा विचार प्रकट गर्नुहुने संस्थापक शेयरधनीहरू :-**

| | | | |
|---|---|---|---|
| १. | धनराज आचार्य | २. | वावुकाजी श्रेष्ठ |
| ३. | महेन्द्रनाथ कर्माचार्य | ४. | पुष्पमान श्रेष्ठ |
| ५. | कृष्ण कुमार श्रेष्ठ | ६. | डा. रामहरि लामिछाने |
| ७. | ऋषीराम सुवेदी | ८. | महेन्द्र कुमार गोयल |

**१२. छलफलमा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य, राय तथा सुझावहरुको मुलभूत आशयहरु निम्न बमोजिम रहेकाछन् :-**

**१) धनराज आचार्य**

बैंकको यो प्रथम वार्षिक साधारण सभाको समाप्तिसंगै बैंकको संक्रमणकालको अन्त्य हुनु पर्छ भन्ने कुरा बैंक व्यवस्थापनले ध्यान दिनु पर्छ। सिभिल बैंक आफैमा एउटा राम्रो Strength भएको बैंक हो। अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत दुवै जना आ आफ्नो क्षेत्रमा स्थापित व्यक्ति भएकोले चुनौतिपुर्ण अवस्थालाई सामना गरी संचालक समिति, व्यवस्थापक तथा सरोकारवालाहरु एकवद्ध भई अगाडी वढ्नु पर्ने अवस्था छ। समकालिन बैंकहरु भन्दा हाम्रो बैंक र संस्थापकहरु विचमा सुचना आदन प्रदान (Communication) प्रभावकारी ढंगले हुन सकेको छैन। प्रवर्द्धकहरुको सहयोगले बैंकले आफ्नो व्यवसाय विस्तारमा ठुलो लाभ लिन सक्छ तसर्थ बैंक व्यवस्थापनले आगामी दिनमा हामी संस्थापकहरुलाई अधिकतम प्रयोग गर्न तर्फ ध्यान दिइयोस्।

बैंकको समग्र अवस्था सन्तोषजनक रहेको भएपनि बैंकको खुद नाफाको Ratio समकालिन बैंकहरुको तुलनामा कमजोर देखिन्छ।

बैंकका अध्यक्ष Real Estate कारोवारको क्षेत्रमा परिचित व्यक्तित्व भएकोले कतै सो क्षेत्रमा जोखिम छ की ? त्यसकारण Real Estate क्षेत्रमा हाम्रो लगानी राष्ट्र बैंकले तोकेको सीमा भित्र छ भनी Offencively बाहिर आउनु पर्ने अवस्था पनि छ। मानव संसाधन व्यवस्थापनमा गरिएको लगानी खर्च नभएर लगानी भएको तर मानव संसाधन व्यवस्थापनमा गरिएको लगानीको प्रतिफल पनि त्यतिकै महत्वपूर्ण हुनु पर्दछ। अन्य शिर्षकहरुमा भएको खर्चहरु कटौति गर्नु पर्ने देखिन्छ। अन्य शिर्षक अन्तर्गत ५० लाख भन्दा वढी रकम देखाईएको छ जसलाई breakdown गर्नु जरुरी छ भनी सुझाव प्रस्तुत गर्नु भयो।

**२) वावुकाजी श्रेष्ठ**

त्रयमासको अन्त्यमा आएर वार्षिक साधारण सभा गर्नु पर्ने कारण के हो ?
स्वतन्त्र लेखा परीक्षकको असक्षमताले गर्दा ढिलो भएको हो की ? सोच्नु पर्नेछ।
बैंक र संस्थापकहरुको विचमा पर्याप्त संचार हुन नसकेको भनी सो तर्फ व्यवस्थापनको ध्यानाकर्षण गराउनु भयो।

**३) महेन्द्रनाथ कर्माचार्य**

छोटो अवधिमा ६ अरब निक्षेप पुऱ्याएको कुरा राम्रो हो। बैंकले खर्च कटाएर पनि आम्दानी गर्न सक्छ भन्ने कुरालाई ध्यान दिनु जरुरी छ। बैंकको कर्मचारी खर्च र कार्यालय खर्च ज्यादा देखिन्छ। यसलाई कटौती गर्नु पर्ने हुन्छ।

लेखा परीक्षकले औंल्याएको Credit Policy Guideline र KYC Policy लाई पालना नगरेको भन्ने कुरामा राष्ट्र बैंकको ध्यानाकर्षण भएको छ। आगामी दिनमा यस्ता कैफियत नआउने सम्वन्धमा बैंकले यथेष्ट ध्यान दिनु जरुरी देखिन्छ भनी बैंक व्यवस्थापनको ध्यानाकर्षण गराउनु भयो।

बैंकले हालसम्म पनि Recovery Policy निर्माण गर्न नसकेको कारण के हो ? Recovery Policy यथासिघ्र वनाई लागु गर्नु पर्ने। कर्जाको भुक्तानी अवधि अगावै व्याज वुझाउदा १% व्याज छुट दिने व्यवस्था गर्दा Recovery प्रकृया प्रभावकारी हुने देखिन्छ भनि सुझाव दिनु भयो। त्यस्तै गरी बैंकको सवारीसाधनको Depreciation कटाउँदा कर्मचारीको गाडिको हकमा २०% र कार्यालयको गाडिको हकमा १५% कटाउनु पर्ने कारण के हो ? भनी जिज्ञासा प्रस्तुत गर्नु भयो।

**४) पुष्पमान श्रेष्ठ**

वर्तमान परिप्रेच्क्षमा बैंकहरुको मर्जरको लहर छ र प्रमुख कार्यकारी अधिकृतज्युले पनि मर्जरको आवश्यकता छ भनि भन्नु भएको हुँदा यस सम्बन्धमा बैंकको दृष्टिकोण के हो ? भनी जिज्ञाशा प्रस्तुत गर्नु भयो।

**५) कृष्ण कुमार श्रेष्ठ**

सिभिल बैंकलाई यो अवस्था सम्म ल्याउन सफल भएकोमा बैंक व्यवस्थापनलाई धन्यवाद दिनुभयो। १/२ वर्ष बैंक व्यवस्थापनलाई benefit of doubt सहयोग गर्नु पर्ने हुन्छ। Social Capital को रुपमा हामी प्रवर्द्धकहरुलाई बैंक व्यवस्थापनले बैंकिङ्ग व्यवसाय प्रवर्द्धनको लागि अधिकतम प्रयोग गर्नु पर्दछ। शेयरधनीहरुको गुनासो सुनुवाई गर्न तथा

CIVIL BANK

व्यवसाय प्रवर्द्धन गर्न बैंकले ३ महिना वा ६ महिनामा शेयरधनीहरुसंगको Interaction कार्यक्रम राख्नु उपयुक्त हुन्छ भनी सुझाव प्रस्तुत गर्नु भयो ।

**६) डा. रामहरि लामीछाने**

जटिल आर्थिक संक्रमणकालमा थोरै भएपनि मुनाफा दिखाएकोमा बैंक व्यवस्थापनलाई धन्यवाद दिनु भयो ।
प्रमुख कार्यकारी अधिकृतले पछिल्लो समयमा आएर बैंकको Lending Growth भन्दा Deopsit Growth बढेको कुरा उल्लेख गर्नु भएको छ । जुन राम्रो हो र एउटा सीमामा पुगे पछि त्यसलाई संतुलन कायम पर्दछ ।
सबैं संस्थापकहरुको खाता खोल्न नसकेको अवस्था छ । बजेट Heading अन्तर्गत खर्चको Breakdown वढी गर्नु पर्ने देखिन्छ । साधारण सभामा राष्ट्र बैंकको प्रतिनिधिको अनुपस्थितिले बैंकको Public Relation मा कमी हो कि भन्ने देखिन्छ ।
मानव संसाधन खर्चको अन्तर्राष्ट्रिय मापदण्डको स्तर ३५% छ तर हाम्रो बैंकको मानव संसाधन खर्च झण्डै ५०% भन्दा वढी देखिन्छ तसर्थ यसलाई घटाईनु पर्ने तर्फ व्यवस्थापनले सोच्नु पर्दछ । सवारीसाधनको Depreciation कटाउदा कर्मचारी र कार्यालयतर्फको खर्च फरक फरक देखाइनुको कारण के हो ? भनी जिज्ञासा प्रस्तुत गर्नु भयो ।

**७) ऋषीराम सुवेदी**

पटक पटक फोन गरेर संस्थापकहरुलाई Notice पठाउनु भन्दा Email वाट पठाउँदा प्रभावकारी हुन्छ भनी सुझाव प्रस्तुत गर्नु भयो ।

**८) महेन्द्र गोयल**

Deposit वढ्यो तर वर्तमान अवस्थामा सो अनुसारको Lending हुन नसकेको जानकारी प्रमुख कार्यकारी अधिकृतले जानकारी गराउनु भयो । यस्तो परिस्थितिमा जोखिमपुर्ण क्षेत्रमा लगानी गर्नुको सट्टा हामी १४७ जना संस्थापकहरु मध्ये १% भन्दा कम शेयर भएका संस्थापकहरुलाई लगानी गरे लगानी वढी सुरक्षित हुने थियो तर किन लगानी नगरेको हो भनी जिज्ञासा प्रस्तुत गर्नु भयो ।

**१३. बैंकको तर्फबाट प्रस्तुत भएको जवाफ :-**

छलफलको क्रममा संस्थापक शेयरधनी महानुभावहरूले प्रस्तुत गर्नुभएको मन्तव्य, जिज्ञासा, अमूल्य सुझाव तथा प्रश्नहरू प्रति सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री ई. इच्छा राज तामाङ्ग्ज्यूले आभार प्रकट गर्नुभयो । बैंकलाई निरन्तर रुपमा अघि बढाउन उँहाले सञ्चालक समितिको तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभयो । बैंकले आगामी वर्षमा अपेक्षित प्रगति गर्ने तर्फ उन्मुख भएको विश्वास दिलाउनु हुँदै अध्यक्षज्यू स्वयंले तथा उहाँको अनुमतिमा प्रमुख कार्यकारी अधिकृतले दिनुभएको जवाफ सारांशको रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

- ५० लाखको अन्य शिर्षक अन्तरगतको खर्चको Breakdown अनुसूचि 4.23 मा नेपाल राष्ट्र बैंकको नियमानुसार उल्लेख गरिएको छ । जस अन्तरगत, Stipend Expenses, कर्मचारी परीक्षण काल खर्च, ओभरटाईम खर्च, कर्मचारी भर्ना खर्च तथा Staff amenities आदि खर्चहरु रहेको छ ।
- संस्थापक शेयरधनीहरुसंग निरन्तर सम्पर्कमा आउन नसकेको कुरालाई स्वीकार गर्दछौं । अव उप्रान्त संस्थापकज्यूहरुसंग उपयुक्त माध्यमबाट सम्पर्क कायम गरिनेछ ।
- प्रथम वार्षिक साधारण सभा तिथि पौष मसान्तसम्म गर्नु पर्ने कानूनी प्रावधान बमोजिम नेपाल राष्ट्र बैंकबाट वित्तीय विवरण प्रकाशन गर्ने स्वीकृति प्राप्त गर्ने क्रममा प्राविधिक कारणहरुले गर्दा अन्तिम दिनमा साधारण सभा गर्नु पर्ने बाध्यता भयो ।
- नेपाल राष्ट्र बैंकको Comment का सन्दर्भमा उक्त Comment हरुलाई बैंकले सम्बोधन गरी नेपाल राष्ट्र बैंकमा जानकारी समेत गराई सकिएको छ । हामी नयाँ बैंक भएकोले Recovery Guidelins तत्काल आवश्यक नपरेको कारण नवनाईएको हो । भविष्यमा निर्माण गरी लागु गरिने छ ।

- कर्मचारीको गाडि सुविधामा २०% ह्रास कट्टि अन्य बैंक तथा वित्तीय संस्थामा पनि कर्मचारीको गाडिमा २० % ह्रास कट्टि गर्ने गरिएको र अन्य बैंकको गाडिको हकमा प्रचलित लेखा मान बमोजिम सम्पत्तिको प्रयोग अवधिको आधारमा ह्रास कट्टि गर्ने व्यवस्था गरिएको ।

- मर्जर आवश्यक छ तर बैंक IPO मा गै सकेको अवस्था छैन । Premimum Command गर्ने शक्ति समेत हामीमा निर्माण भै नसकेको अवस्थामा मर्जरमा जानु हाम्रो लागि उपयुक्त हुँदैन भन्ने बैंक व्यवस्थापनलाई लाग्दछ ।

- बैंकमा सवै १४७ जना संस्थापकहरुको लागि संस्थापक शेयरहोल्डर खाता खोलिएको छ तर धेरै जसो संस्थापकहरुले खातामा सुन्य मौज्दात राखेको हुँदा खाता निष्क्रिय गरिएको छ । संस्थापकहरुलाई पुन : खाता खोल्न अनुरोध गरिनेछ ।

- नेपाल राष्ट्र बैंकबाट प्रतिनिधि पठाईदिन अनुरोध गरिएको थियो तर बैंक तथा वित्तीय संस्थाको साधारण सभामा नेपाल राष्ट्र बैंकबाट प्रतिनिधि नपठाउने भन्ने जानकारी आयो ।

- बैंक संस्थापनाको क्रममा अन्य खर्च भन्दा कर्मचारी खर्च बढी देखिएको हो । आगामी वर्ष देखि कर्मचारी खर्च कम हुदै जान्छ र अन्य खर्च र कर्मचारी खर्चको अनुपात मिल्दै जानेछ ।

- संस्थापकहरुको १% भन्दा कम शेयर भए पनि वर्तमान कानूनी व्यवस्थाको कारण बैंकले आफ्ना संस्थापकहरुलाई कर्जा तथा सुविधा प्रदान गर्न मिल्दैन ।

**१४. सभाको निर्णय :-**

आजको सभामा शेयरधनी महानुभावहरुले दिनुभएका अमुल्य सुझाव, सल्लाहलाई बैंकले उच्च प्राथमिकतामा राखि कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमश: पारित गरिदिन अध्यक्षज्यूले अनुरोध गर्नुभयो ।

**(क) सामान्य प्रस्तावहरु :**

१. **अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन २०६७/०६८ उपर छलफल गरी पारित गर्ने ।**

सभामा प्रस्तुत भएको आ. व. २०६७/०६८ को संचालक समितिको प्रतिवेदनलाई पारित गरिदिन सभामा सभापतिज्यूले प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट ऊक्त प्रतिवेदनलाई पारित गर्ने निर्णय गऱ्यो ।

२. **लेखा परीक्षकको प्रतिवेदन सहित २०६८ आषाढ मसान्तसम्मको वार्षिक आर्थिक विवरण वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमा छलफल गरी पारित गर्ने ।**

लेखा परीक्षकको प्रतिवेदन सहित २०६८ आषाढ मसान्तसम्मको वार्षिक आर्थिक विवरण वासलात, नाफा(नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुलाई पारित गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरुलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

३. **कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०६८/०६९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परीक्षण समितिले सिफारिश गरे बमोजिम आ. व. २०६८/०६९ को लागि वर्तमान लेखापरीक्षक श्याम कार्की एण्ड कम्पनी (सिए श्री श्याम कार्की) लाई लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमिकको हकमा लेखा परीक्षण शुल्क, कर लेखा परीक्षण, लङ्ग फर्म अडिट रिपोर्ट तथा कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन तयार गरेवापत मुल्य अभिबृद्धि कर वाहेक एकमुष्ट रु. ३००,०००/- (अक्षरेपी तीन लाख मात्र) र शाखा कार्यालयहरुको भ्रमण गर्नु पर्दा विल अनुसारको यातायात, होटल खर्च भुक्तानी गर्ने गरी निज लेखापरीक्षकको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धी प्रस्तावलाई पारित गरियोस भनी सभापतिज्यूले सभामा राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

**४. बैंकको नियमावलीको नियम ३२ (२) अनुसार संचालकहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु समर्थन गर्ने ।**

बैंकको नियमावलीको नियम ३२ को उपनियम (२) अनुसार सोही विनियमावलीको नियम ३२ को उपनियम १ को देहाय (ख) र (ग) ले तोकिदिए बमोजिमको संचालकको देहाय बमोजिमको भत्ता तथा सुविधाहरुलाई समर्थन गरियोस भनी सभापतिज्यूले सभामा राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिले समर्थन गर्ने निर्णय गऱ्यो ।

**(क)** सञ्चालक समितिको बैंठकमा उपस्थित भए बापत अध्यक्षले पाउने प्रति बैंठक भत्ता कर समेत रु. ६,०००।- तथा अन्य संचालकले पाउने प्रति बैंठक भत्ता कर समेत रु ५,०००।- हुनेछ ।

(ख) बैंकको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछः–

(अ) स्वदेशमा दैनिक भत्ता रु. १०००।-
(आ)भारतमा दैनिक भत्ता भा.रु. १५००।-
(इ) भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर १००।-
(ई) भ्रमण भत्ता विल बमोजिम ।
(उ) होटल खर्च विल बमोजिम ।

**५. बैंकको नियमावली अनुसार संस्थापक (समुह "क") शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद संख्या ५ को निर्वाचन गर्ने ।**

संस्थापक शेयरधनीहरुको समुह "क" को उप समुह "क१", "क२", "क३", "क४" र " क५" बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद संख्या ५ को लागि भएको निर्वाचनमा प्रत्येक उप समुहबाट एक /एक जनाको मात्र उम्मेदवारी परेकोले देहाय बमोजिमका संचालकहरु निर्विरोध निर्वाचित भएको कुरा निर्वाचन अधिकृत श्री घनेन्द्र बहादुर श्रेष्ठले सभामा घोषणा गर्नु भयो ।

**१. ई. इच्छा राज तामाङ्ग – संचालक (उप समुह "क"१)**
**२. श्री अम्बिर बोगटी – संचालक ( उप समुह "क"२)**
**३. श्री जुनी गुरुङ्ग – संचालक ( उप समुह "क"३)**
**४. श्री त्रिमिर महर्जन – संचालक ( उप समुह "क"४)**
**५. श्री प्रकाश तायल - संचालक (उप समुह "क"५)**

साथै उक्त निर्वाचनको परिणामलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

**(ख) विशेष प्रस्ताव :**

**१. प्रबन्धपत्रको संशोधन**

सभामा विशेष प्रस्ताव अन्तरगत प्रबन्ध पत्रको दफा ५ को उपदफा (ज्ञ) पछि देहाय बमोजिमको (कक) थप गरी संशोधन गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकाय (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) ले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने प्रस्तावलाई पारित गरियोस् भनी सभापतिज्यूले सभामा राख्नु भएको प्रस्तावलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

**प्रबन्धपत्रको संशोधन**

| हाल भइरहेको व्यवस्था | प्रस्तावित संशोधन |
|---|---|
| छैन | दफा ५ को उपदफा (ज्ञ) पछि<br>**(कक) " प्रचलित कानून बमोजिम सम्बन्धित निकायको स्वीकृति लिई आफ्ना ग्राहकहरुको लागि बीमा अभिकर्ताको रुपमा कार्य गर्ने । "** |

**(ग) विविध :**

सभाको निर्धारित विषयसूचीहरु समाप्त भई विविध अन्तर्गत कुनै विषयसूची नभएकाले यस सम्बन्धमा छलफल तथा निर्णय भएन ।

**१५. धन्यवाद ज्ञापन तथा सभाको विसर्जन :-**

अन्त्यमा, सभापतिज्यूले सभामा उपस्थित सम्पूर्ण संस्थापक शेयरधनी महानुभावहरूलाई अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसैगरी यस प्रथम बार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक, सल्लाहकार तथा बैंकका संचालकहरू र कर्मचारीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद तथा आभार व्यक्त गर्नुभयो ।

तत्पश्चात् सभापतिज्यूले सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

.............. .......
डिल्लीराम श्रेष्ठ
**कम्पनी सचिव**

CIVIL BANK

.....................
ई. इच्छा राज तामाङ्ग
**अध्यक्षक**